# पूर्वकथन

प्रस्तुत शोध प्रबन्ध विद्यावारिधि (पिएच डी) डिग्रीका निम्ति गरिएको योजनाबद्ध कार्यको परिणाम हो। यस शोधकार्यका निम्ति मलाई धेरै गुणीजनले सहयोग पुऱ्याउनु भएकोले मात्रै यो सम्पन्न हुनसक्यो। सर्वप्रथम आफ्ना मूल्यवान सुझाउ, परामर्श र निर्देशनद्वारा मलाई उपकृत तुल्याउनुहुने मेरा गुरुवर शोध निर्देशक मोहन प्रसाद दाहालप्रति अशेष श्रद्धा र भक्ति अर्पण गर्दछु। उहाँकै परामर्शद्वारा यस शोध प्रबन्धको विषय छनौट गरी कार्य सम्पन्न गरिएको हो। जीवनका अनेक आरोह-अवरोहमा अल्झिएर बसेका बेला सस्नेह खोजखबर लिई कार्य सम्पन्न गर्न उत्साह र प्राज्ञिक मार्गदर्शन प्रदान गर्नुभयो। यसका निम्ति म उहाँप्रति सदैव कृतज्ञ रहने छु।

नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालयका वर्तमान अवकाशप्राप्त गुरुवर प्राध्यापक नरेशचन्द्र खातीले पनि शोध कार्यका लागि प्रशस्त प्रेरणा र सहयोग पुऱ्याउनु भएको छ। यसैले उहाँप्रति पनि मेरो कृतज्ञता र भक्ति अर्पण छ। यसै विभागका प्रोफेसर घनश्याम नेपाल, प्राध्यापक कृष्णराज घतानी, प्राध्यापक पुष्कर पराजुली एवम् यसै विश्वविद्यालयको बङ्गला विभागका प्रोफेसर सुबोध जसले पनि मलाई पुस्तक, परामर्श र सहयोग प्रदान गर्नुभएको छ। यसैले उहाँहरूप्रति पनि म सदैव नतमस्तक रहने छु।

सिक्किम केन्द्रीय विश्वविद्यालयको नेपाली विभागका प्रोफेसर प्रतापचन्द्र प्रधानले पनि बेला बेला झक्झकाएर शोधकार्यका निम्ति उत्साहित तुल्याउनु भएको छ। उहाँप्रति म कृतज्ञ छु। काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा सङ्कायको नेपाली विभागका प्रोफेसर दिवाकर प्रधान एवम् प्रोफेसर सञ्जय वान्तवाले पनि खाँचो परेका बखत परामर्श र सहयोग पुऱ्याउनु भएको छ। उहाँहरूप्रति पनि म कृतज्ञ छु। नेपाली विभाग, सिलगडी कलेजको प्राध्यापिका राजकुमारी दाहालले आवश्यक पुस्तक, पत्र-पत्रिका दिएर ठुलो गुण लगाउनु भएको छ। श्रद्धेय दिदीप्रति म आफ्नो कृतज्ञ भाव प्रकट गर्दछु। उसरी नै मेरा  सहकर्मी प्राध्यापकगण विश्वजित पान्डा, अर्नव चक्रवर्ती र श्यामसुन्दर प्रधानले बङ्गला पुस्तक, पत्र-पत्रिका आदि उपलब्ध गराइदिनका साथै बङ्गला भाषा-साहित्यको अध्ययनका क्रममा धेरै सहयोग पुऱ्याएका हुनाले उहाँहरूप्रति पनि कृतज्ञ छु।

शोधकार्य सम्पन्न गर्ने क्रममा धेरै पुस्तक, पत्रपत्रिका एवम् शोधग्रन्थहरूबाट विषय र शोध सम्बन्धी आवश्यक ज्ञान तथा मार्ग प्राप्त गर्न सकेँ। यसैले ती पुस्तक, पत्रपत्रिका र शोधग्रन्थका

लेखक, सम्पादक र शोधकर्ताहरूप्रति आभार प्रकट गर्नु मेरो कर्त्तव्य ठहर्छ। त्यस्ता केही मुख्य मुख्य पुस्तक, पत्रपत्रिका, शब्दकोश र साहित्यकोशहरूको नाम सन्दर्भसूचीमा उल्लेख गरिएको छ। यसबाहेक विभिन्न प्रकारका खाँचोहरूमा सहयोग दिनुहुने मित्र, दाजुदिदी र भाइहरूमा प्राध्यापिका रेमिका थापा (परिमल मित्र स्मृति कलेज, मालबजार), महेश प्रधान (साउथफिल्ड कलेज, दार्जिलिङ), गोपाल शर्मा (रायगञ्ज युनिवर्सिटि), टेकबहादुर छेत्री (सिक्किम), डम्बरबहादुर थापा (वीरपाडा नेपाली हाई स्कुल), सोनाम शेर्पा (दार्जिलिङ सरकारी स्कुल), प्राध्यापक निखिलेश भट्टाचार्य (वीरपाडा कलेज) र वासुदेव थापा (कालीपद घोष महाविद्यालय, बाघडुग्रा) हरूप्रति पनि कृतज्ञता ज्ञापन गर्छु। यसबाहेक वीरपाडा कलेज लगायत विभिन्न स्कुल, कलेज आदिका पुस्तकालयका लाइब्रेरियन र कर्मीहरूप्रति पनि धन्यवाद प्रकट गर्छु।

मलाई जन्म दिई हुर्काइ बढाइ गरी पढाउने मेरा आमाबाबाप्रति अपार भक्ति प्रकट गर्दछु। मेरो पारिवारिक जीवनमा सदैव सुखशान्ति र समृद्धिका कामना र सहयोग गर्नुहुने सासुससुराप्रति पनि कृतज्ञता प्रकट गर्छु। मेरो यो कार्य सम्पन्न भएको देख्न नपाइ स्वर्गारोहण गर्नुहुने सासु रोमा लामाको आत्माले चिर शान्ति प्राप्त गरून् भनी ईश्वरसँग प्रार्थना गर्दछु। विभिन्न पारिवारिक झमेला र जिम्मेवारीबाट मुक्त पारी अध्ययन एवम् शोधकार्यमा निमग्न हुन सहयोग पुऱ्याउने मेरी श्रीमती रोशनी प्रधानलाई अशेष प्रेम। बेला बेला शोध सम्बन्धी खोजखबर लिने सालीनानी रजनी प्रधानलाई पनि माया व्यक्त गर्छु। अध्ययन र लेखनका क्रममा मैले मेरो प्राणप्रिय छोरोलाई उसको अध्ययन र लालनपालनमा उसकी आमाले झैँ समय दिन सकिनँ तापनि मेरो अन्तर्हृदयबाट उसप्रतिको प्रेमको गङ्गा निरन्तर प्रवाहित रहेको व्यक्त गर्दछु।

अन्तमा शोधकार्यमा सहयोग पुऱ्याउनु हुने केही अग्रज, अनुज दाजुभाइ र दिदीबहिनीहरूको नाम लिन मैले बिर्सेँहुँला यसका निम्ति क्षमा याचनाकासाथ कृतज्ञता जनाउँदछु।

मिति :

दिलकुमार प्रधान